संघीय संसद
प्रतिनिधि सभा
सार्वजनिक लेखा समिति

(सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन)

बैठक संख्या- ४३

मिति २०७६/१०/१९

निर्णयहरू

१. दूरसंचार सम्बन्धी नीति २०७३ मा फ्रिक्वेन्सीका सम्बन्धमा ९०० मेगाहर्ज **2G** र **3G**, १८०० मेगाहर्ज **2G** र **4G** का लागि तथा २१०० मेगाहर्ज **3G** का लागि उपयोगी मानिएको, तर **5G** का लागि हाल सम्म कुनै व्यवस्था नगरिएको, ७००/२३००/२६०० मेगाहर्जका फ्रिक्वेन्सीहरू उपयोग हुने उपकरण बजारमा उपयोगमा ल्याउन र यसको उपयोग गर्न हालसम्म कुनै योजना नभएको, फ्रिक्वेन्सी विक्री भैसकेपछि सरकारलाई आवश्यक पर्दा र सुरक्षा/सामाजिक कार्यमा प्रयोग गर्ने कुनै व्यवस्था नभएको अवस्थामा फ्रिक्वेन्सी वितरण तथा सेवा संचालन सम्बन्धमा यो क्षेत्रमा तीव्र रूपमा भैरहेको प्रविधिको नवप्रवर्तनलाई विस्तृत रूपमा अध्ययन गरेर नीति, ऐन/कानुन र कार्यविधिमा आवश्यक पुनरावलोकन गरी लागु गर्न निर्देशन दिने ।

२. फ्रिक्वेन्सी वितरण गर्दा सार्वजनिक लेखा समितिले खुला प्रतिष्पर्धाबाट लिलाम बढाबढ गर्न निर्देशन दिएकोमा यसका लागि विभिन्न मेगा हर्जका फ्रिक्वेन्सीहरूको लिलाम बढाबढ गर्ने खाका **(Road Map)** तयार गर्न निर्देशन दिने । पहिलेनै उपलब्ध गराइएको फ्रिक्वेन्सीमा नयाँ प्रविधि प्रयोग गरी थप सुविधा प्रयोग गर्दा प्रतिष्पर्धा हुने वातावरण तय गर्न निर्देशन दिने ।

३. सार्वजनिक लेखा समितिको २०७३/३/२८ को निर्णयले नेपाल दूरसंचार प्राधिकरण मार्फत प्रतिष्पर्धात्मक रूपमा लिलाम बढाबढ गरी रेडियो फ्रिक्वेन्सी वितरण गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको देखिन्छ । सोहि अनुसार नेपाल दूरसंचार प्राधिकरणले लिलाम बढाबढ गरी फ्रिक्वेन्सी वितरण गर्ने प्रक्रिया अघि बढाउने सन्दर्भमा कम्पनी छनोट गरी फ्रिक्वेन्सी वितरण गर्न बाँकी रहेको देखिन्छ । एनसेल प्रा. लि.ले दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतबाट २०७६/५/९ मा भएको आदेश बमोजिम आयकर ऐन २०५८ को दफा ११०क बमोजिम बक्यौता कर किस्ताबन्दीमा तिर्ने गरी मिति २०७६/९/१५ गते पहिलो किस्ता वापतको रकम रु. चार अरब पचास करोड सहित निवेदन दिएकोमा ठूला करदाता कार्यालयबाट मिति २०७६/९/१५ को पत्राचारबाट भुक्तानी तालिका माग भएको र सो बमोजिम एनसेल प्रा.लि. ले किस्ताबन्दीमा बुझाउने पूँजीगत लाभकर रकम र कर तिर्ने बुझाउने मिति एवं आयकर ऐन २०५८को दफा ११०क को व्यवस्था समेत प्रष्ट रूपमा खुलाई नेपाल दूर संचार प्राधिकरणलाई २०७६/१०/१६मा पत्राचार गरेबाट किस्ताबन्दीमा तिर्न पाउने एनसेल. प्रा.लि.को मागदावीलाई ठूला करदाता कार्यालयले स्वीकार गरेको देखिन्छ । नेपाल दूरसंचार प्राधिकरणले २०७५/९/४ मा ९००/१८००/२१०० मेगा हर्जको फ्रिक्वेन्सी लिलाम सम्बन्धी सूचना कार्यान्वयन नगर्न नगराउन सिजी टेलिकम्यूनिकेशनले दायर गरेको मिति २०७६/९/६ गतेको रिट निवेदन उपर सर्वोच्च अदालतको संयुक्त इजलासले मिति २०७५/१०/३ मा अन्तरिम आदेश खारेज गरेपछि नेपाल दूरसंचार प्राधिकरणले लिलाम प्रक्रिया अघि बढाएको देखिन्छ । त्यसैगरी नेपाल दूरसंचार प्राधिकरणले २०७६/९/२ मा गर्न लागेको लिलाम बढाबढ कार्य रोक्न सिजी

कम्यूनिकेशनले २०७६/८/२६ मा दायर गरेको रिट निवेदन सर्वोच्च अदालतले लिलाम कार्य रोक्न उचित नदेखी खारेज गरेको र लिलाम बढाबढमा बढी कबोल गर्ने एनसेल प्रा.लि. लाई **Successful Bidder** घोषणा गरेको देखिन्छ । पूँजीगत लाभकरको दायित्व र असुल उपर सम्बन्धी विषय आयकर ऐन २०५८ अनुरुप कारबाही गरिने विषय भएको सन्दर्भमा ठूला करदाता कार्यालयले सो सम्बन्धमा आवश्यक कारवाही गरिरहेको र एनसेल प्रा.लि.ले पहिलो किस्ता बुझाई चालु आ.व. भित्र बाँकी किस्ता बुझाउने गरी भुक्तानी योजना समेत जारी भै सकेको अवस्थामा दूर संचार ऐन २०५३ बमोजिम बाँकी बक्यौतामा सिमित रहनु पर्ने नेपाल दूरसंचार प्राधिकरणले पूँजीगत लाभ करलाई आधार बनाई फ्रिक्वेन्सी लिलाम प्रक्रियालाई तार्किक निष्कर्षमा नपुर्याई लामो समय सम्म अनिर्णयको बन्दी बनी रोकी राख्नु र राज्यको राजश्व असुलीमा प्रतिकुल प्रभाव पार्नु मनासिब मान्न सकिने देखिएन । यस स्थितिमा सम्बन्धित कर दाता एनसेल प्रा.लि.ले बुझाएको भुक्तानी योजना बमोजिम पूँजीगत लाभकरको असुली साधिकार निकायबाट यथासमयमा नै हुने हुँदा २०७६/९/२ को लिलाम बढाबढ प्रक्रिया अनुरुप एनसेल प्रा.लि.लाई फ्रिक्वेन्सी प्रदान गर्न गराउन कुनै बाधा अवरोध देखिंदैन । लामो समय सम्म यो प्रक्रियालाई थाती राख्दा राज्यले पाउनुपर्ने राजश्व नपाएको र अदालतको आदेशको समेत पालना नभई नेपाल दूरसंचार प्राधिकरणलाई अपुरणीय क्षति भएको सन्दर्भलाई समेत विचार गरी तदनुरूप लाभ कर सम्बन्धमा कानुन अनुसार तिरिरहेको एकिन हुने नै हुँदा लिलाम बढाबढबाट छानिएका एनसेल प्रा.लि. तथा नेपाल टेलिकमलाई फ्रिक्वेन्सी वितरणको प्रक्रिया सम्पन्न गरी समितिलाई प्रतिवेदन गर्न निर्देशन दिने ।

४. समितिको बैठकका छलफलका क्रममा एनसेल प्रा. लि. र नेपाल टेलिकम बाहेकका अन्य दूरसंचार सेवा प्रदायक कम्पनीहरुले नेपाल दूरसंचार प्राधिकरणलाई विभिन्न शीर्षकमा तिर्नु पर्ने शुल्क दस्तुर लामो समयदेखि नतिरेकोमा चालु आ. व. भित्र असुल गर्न निर्देशन दिने र दूरसंचार सेवा प्रदान नगरी फ्रिक्वेन्सी ओगटेर राज्यलाई ठूलो नोक्सान पुर्याएको अवस्थामा ती फ्रिक्वेन्सीहरू प्रतिष्पर्धात्मक रूपमा उपयोगमा ल्याउन आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।